# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं असोज १४ गते २०५४ साल (अतिरिक्ताङ्क ३२

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

## दल त्यागको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा कुनै राजनैतिक संगठन वा दलको उम्मेदवार भई निर्वाचित भएको सदस्यले त्यस्तो संगठन वा दल त्याग गरेको मान्न सकिने अवस्था र दल त्याग गरेको सूचना दिने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "दल त्याग ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "दल" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा कुनै व्यक्तिले जुन राजनैतिक संगठन वा दलको उम्मेदवार भई निर्वाचित भएको हो सो राजनैतिक संगठन वा दल सम्झनु पर्छ ।

(ख) "संसदीय दल" भन्नाले दलको उम्मेदवार भई निर्वाचित प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरु रही गठन भएको संसदीय दल सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४४२

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि खण्ड (घ) को उपखण्ड (२) र (३) बमोजिम कुनै दलमा प्रवेश गरेको सदस्यको हकमा निज प्रवेश गरेको दलको संसदीय दललाई समेत जनाउँछ ।

(ग) "कार्यकारिणी समिति" भन्नाले कुनै दलको केन्दीय कार्यकारिणी समिति सम्झनु पर्छ र सो शब्दले सम्बन्धित दलको विधानमा जुनसुकै नामबाट नामाकरण गरिएको भए तापनि सो दलको केन्द्रीय कार्यकारिणी समितिको काम गर्न गठन भएको निकायलाई समेत जनाउँछ ।

(घ) "सदस्य" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छ :-

(१) कुनै दलको उम्मेदवारको रुपमा प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित भई प्रचलित कानून बमोजिम शपथ ग्रहण गरेको वा नगरेको व्यक्ति,

(२) स्वतन्त्र उम्मेदवारको रुपमा प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्य पदमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपिले मात्र लागु हुनेछ।

निर्वाचित भई कुनै दलमा प्रवेश गरी सोको सूचना संसद सचिवालयलाई दिएको व्यक्ति, र

(३) कुनै दलको उम्मेदवार भई प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित भई दफा ५ को खण्ड (ग) वा (घ) बमोजिम अन्य कुनै दलमा प्रवेश गरी त्यस्को सूचना संसद सचिवालयलाई दिएको व्यक्ति ।

(ङ) "सचेतक" भन्नाले सम्बन्धित संसदीय दलले सचेतकको काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले मुख्य सचेतक र प्रमुख सचेतकलाई समेत जनाउँछ ।

३. दल त्याग गरेको मान्न सकिने : (१) कुनै सदस्यले देहायको कुनै कार्य गरेमा सम्बन्धित दलले सो सदस्यले दल त्याग गरेको मान्न सक्नेछ :-

(क) दलको सदस्यताबाट लिखित राजिनामा दिएमा,

(ख) अर्को दलको सदस्यता लिएमा,

(ग) आफू समेत संलग्न भई अर्को दल गठन गरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आफ्नो संसदीय दलको सचेतकले दिएको निर्देशन (व्हीप) विपरीत सदनमा मतदान गरेमा, तटस्थ रहेमा वा मतदानमा अनुपस्थित भएमा,

(ङ) दफा ५ को उपदफा (१) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशको विपरीत कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले आफ्नो काबु भन्दा बाहिरको परिस्थिति परी सचेतकको निर्देशन मान्न नसक्ने स्थिति उत्पन्न भएको आधार र कारण खोली संसदीय दल वा सचेतक समक्ष निज वा निजको प्रतिनिधिले त्यस्तो कार्य भए गरेको मितिले पन्ध्र दिनभित्र लिखित निवेदन दिएमा सो सम्बन्धमा संसदीय दलले गठन गरेको जाँचबुझ समितिले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदनमा उल्लिखित आधार र कारण सन्तोषजनक देखिएमा यो ऐन बमोजिम दल त्याग गरेको नमानिने गरी कार्यकारिणी समिति समक्ष सिफारिश गर्न सक्नेछ ।

४. <u>दल त्याग गरेको सूचना दिन सकिने</u> : कुनै सदस्यले दफा ३ बमोजिम दल त्याग गरेको मान्न सकिने कुनै कार्य गरेमा सम्बन्धित दलले त्यस्तो सदस्यले दल त्याग गरेको सूचना दिन सक्नेछ ।

५. <u>दल त्याग गरेको नमानिने</u> : (१) देहायको अवस्थामा सदस्यले दल त्याग गरेको मानिने छैन :-

(क) प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षले दफा ३ को खण्ड (क) वा (घ) बमोजिमको कार्य गरेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षको अनुपस्थितिमा प्रतिनिधि सभा वा राष्ट्रिय सभाको अध्यक्षता गर्ने सदस्यले त्यस्तो सभाको अध्यक्षता गरेको समयमा दफा ३ को खण्ड (घ) बमोजिमको कार्य गरेमा,

(ग) कुनै दलको कार्यकारिणी समितिको कम्तीमा चालीस प्रतिशत सदस्यहरु छुट्टिई नयाँ दल बनाई सो दलमा वा भइरहेको अर्को दलमा समाहित भई सदस्यहरु सोही दलमा प्रवेश गरेमा,

(घ) कुनै दलको संसदीय दलको कम्तीमा चालीस प्रतिशत सदस्यहरु आफ्नो दलबाट छुट्टिई नयाँ राजनैतिक संगठन वा दल बनाएमा वा भइरहेको अर्को दलमा प्रवेश गरेमा,

तर एक पटक विभाजन भएकोमा विभाजित संसदीय दलका सदस्यले सोही कार्यावधिमा पुनः विभाजित हुन पाउने छैन ।

(२) उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम नयाँ दल बनाएमा वा भइरहेको अन्य कुनै दलमा समाहित भएमा त्यस्तो सदस्यहरुको नामावली सहित अन्य कागजातहरु सम्बन्धित दलले संसद सचिवालयलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>सफाईको मौका दिनु पर्ने</u> : कुनै दलले यस ऐन बमोजिम दलको कुनै सदस्यले दल त्याग गरेको सूचना संसद सचिवालयलाई दिनु अघि त्यस्तो सदस्यलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

७. <u>दल त्याग गरेको सूचना दिने कार्यविधि</u> : कुनै सदस्यले दफा ३ बमोजिम दल त्याग गरेको मान्न सकिने कुनै कार्य गरेमा सम्बन्धित दलले संसद सचिवालयलाई त्यस्को सूचना दिंदा देहाय बमोजिम कार्यविधि अपनाउनु पर्नेछ :-

(क) दल त्याग गरेको सूचना दिने निर्णय सम्बन्धित दलको कार्यकारिणी समितिको कुल सदस्य संख्याको बहुमतबाट भएको हुनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको निर्णय गर्दा दलको तर्फबाट त्यस्तो निर्णय प्रमाणित गर्ने पदाधिकारीको दर्जा समेत खुलाउनु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यकारिणी समितिको निर्णय खण्ड (ख) बमोजिमको पदाधिकारीले प्रमाणित गरेको प्रतिलिपिको साथमा सोसंग सम्बन्धित अन्य प्रमाण कागजात समेत संलग्न गर्नु पर्नेछ ।

८. <u>सूचना पेश गर्ने</u> : दफा ७ बमोजिम दल त्याग गरेको सूचना दर्ता भएपछि त्यस्तो सूचना र सो साथ संलग्न कागजात

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

प्रतिनिधि सभाका सदस्यको हकमा सभामुख समक्ष र राष्ट्रिय सभाको सदस्यको हकमा अध्यक्ष समक्ष पेश गरिनेछ ।

९. जाँचबुझ गर्ने : दफा ८ बमोजिमको सूचना तथा तत्सम्बन्धी कागजात प्राप्त भएपछि प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षले दल त्यागको सूचना दिंदा दलले यस ऐन बमोजिम पूरा गर्नु पर्ने शर्त र प्रक्रिया पूरा गरे नगरेको सम्बन्धमा जाँचबुझ गर्न सक्नेछ ।

१०. सभालाई जानकारी दिने वा सूचना प्रकाशन गर्ने : दफा ८ बमोजिम पेश हुन आएको सूचना दफा ९ बमोजिम जाँचबुझ गर्दा दल त्यागको सूचना दिने सम्बन्धमा यस ऐन बमोजिम पूरा गर्नु पर्ने शर्त र प्रक्रिया पूरा गरेको देखिन आएमा प्रतिनिधि सभाको सदस्यको हकमा प्रतिनिधि सभाको सभामुखले र राष्ट्रिय सभाको सदस्यको हकमा राष्ट्रिय सभाको अध्यक्षले दफा ७ बमोजिम दल त्यागको सूचना दर्ता भएको मितिले पन्ध्र दिनभित्र दल त्याग सम्बन्धमा प्राप्त सूचनाको जानकारी सम्बन्धित सभालाई दिनेछ र संसदको अधिवेशन चालू नरहेको अवस्थामा त्यस्तो सूचना संसद सचिवालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

११. स्थान रिक्त हुने : दफा १० बमोजिम सम्बन्धित सभालाई दल त्यागको सूचना दिएपछि वा त्यस्तो सूचना संसद सचिवालयको सूचना पाटीमा टाँस गरेपछि प्रतिनिधि सभा वा राष्ट्रिय सभामा त्यस्तो सदस्यको स्थान रिक्त भएको मानिनेछ ।

१२. तीन प्रतिशत मत प्राप्त गरे सरह मानिने : (१) प्रतिनिधि सभाको निर्वाचनमा खसेको जम्मा मतको कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्ने कुनै राजनैतिक दल दफा ५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**उपदफा (१) को खण्ड (ग) मा उल्लिखित कारणबाट छुट्टिई अलग भएमा दुवै दलको हैसियत संसदीय प्रयोजनको लागि तीन प्रतिशत मत प्राप्त गरेको दल सरह मानिनेछ ।**

**(२) दफा ५ को उपदफा (१) को खण्ड (घ) बमोजिम छुट्टिई अलग भएमा सो कार्यावधि भर दुवै दलको हैसियत संसदीय प्रयोजनको लागि तीन प्रतिशत मत प्राप्त गरेको दल सरह मानिनेछ ।**

१३. **आन्तरिक कारबाही मानिने : दल त्यागको सम्बन्धमा प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षले दफा १० बमोजिम सम्बन्धित सभालाई सूचना दिएको वा त्यस्तो सूचना प्रकाशन गरेको विषय संसदको आन्तरिक कारबाही मानिनेछ ।**

लालमोहर सदर मिति: २०५४।६।१४। ३

**आज्ञाले,**
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



२६०